# बडीकेदार गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खड्यौली, डोटी
७ नं प्रदेश, नेपाल


कार्यपालिका बैठक संख्या:26 मिति:२०७५।०९।०३

आज मिति २०७५।०९।०३ गतेका दिन यस बडीकेदार गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण बहादुर चन्द ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बस्यो । बैठकमा तपशिल बमोजिमको उपस्थितिमा तपशिलका प्रश्ताव उपर छलफल गरी तपशिल बमोजिमका निर्णय गरियो ।

**तपशिल:**

| क्र.सं. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | कृष्ण बहादुर चन्द | अध्यक्ष | | |
| २ | ईन्द्रा बोहरा भाट | उपाध्यक्ष | | |
| ३ | डबल बहादुर बोहरा | कार्यपालिका सदस्य | | |
| ४ | राम बहादुर नाम्जाली | कार्यपालिका सदस्य | | |
| ५ | लिलाधर सापकोटा | कार्यपालिका सदस्य | | |
| ६ | बिरेन्द्र कोटकेनी | कार्यपालिका सदस्य | | |
| ७ | बुद्दीसागर बिनाडी | कार्यपालिका सदस्य | | |
| ८ | पदमा देवी नेपाली | कार्यपालिका सदस्य | | |
| ९ | टीकाराम भुल | कार्यपालिका सदस्य | | |
| १० | दिपक बहादुर नेपाली | कार्यपालिका सदस्य | | |
| ११ | भागा देवी मल्ल | कार्यपालिका सदस्य | | |
| १२ | चित्रा देवी चन्द | कार्यपालिका सदस्य | | |
| १३ | निर्मला देवी दमाई | कार्यपालिका सदस्य | | |
| १४ | दिपक पाण्डेय | सचिब | | |

**आमन्त्रित सदस्य**

| | | | | |
|---|---|---|---|---|
| १ | टोप बहादुर चन्द | आमन्त्रित सदस्य | | |

**अन्य आमन्त्रीत**

| | | | | |
|---|---|---|---|---|
| १ | राजेन्द्र कुमार चन्द | नायब सुब्बा | | |
| २ | दल बहादुर धामी | लेखा प्रमुख | | |
| ३ | टोप बहादुर चन्द | सुचना प्रविधि अधिकृत | | |

**प्रस्तावहरु:**

१. ब्लक भवन भाडामा लिने सम्वन्धमा।

२. स्थानीय तह कर्मचारी समायोजन सम्वन्धमा।

३. उपभोक्ता समिति गठन तथा सम्झौता एवं योजना अनुगमन सम्वन्धमा।

४. प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि, २०७५ सम्वन्धमा।

५. स्वास्थ्य कर्मचारी करारमा लिने सम्वन्धमा।

६. प्रदेश प्रमुख ज्यूलाइ नागरिक अभिनन्दन गर्ने सम्वन्धमा।

७. मूल प्रशासनिक भवनको डीजाइन तथा लागत अनुमान स्विकृत गर्ने सम्वन्धमा।

८. उपभोक्ता समितिहरुलाइ प्रशासनिक खर्च व्यवस्थापन सम्वन्धमा।

९. मोटर साइकल खरिद सम्वन्धमा।

१०.प्रेस सल्लाहकार सम्वन्धमा।

११. पढाई मेला आयोजनाको लागि सहयोग सम्बन्धमा।

**निर्णयहरु:**

१. प्रस्ताव नं १ उपर छलफल गर्दा यस गाउँपालिकाको कार्यालय संचालनका लागि तत्काल उपलब्ध भौतिक संरचना अपर्याप्त भइ सेवा प्रवाहमा कठिनाइ उत्पन्न भइरहेको सन्दर्भमा अदुवा बेसार ब्लक समितिको स्वामित्वमा रहेको ४ कोठे भवन र सो भवनले चर्चेको जग्गा समेत मासि रु २० हजारमा २०७५ पौष १ गते बाट भाडामा लिने  निर्णय गरियो। साथै सो भवनमा सोलार वाइरीङ्ग, पार्टेसन तथा फर्निसिङ्ग गर्ने र सो कार्य गर्दा खपत हुने जिन्सी सामान गाउँपालिकाबाट खरिद गरी ब्लक समितिलाइ नै हस्तान्तरण गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं २ उपर छलफल गर्दा नेपाल सरकार, संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयबाट मिति २०७५/०८/२४ गते भएको परिपत्र अनुसार यस गाउँपालिकाका विभिन्न वडामा कार्यरत साविकको स्थानीय निकायबाट स्थायी नियुक्ति पाइ स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई कर्मचारि समायोजन ऐन, २०७५ बमोजिम निजहरु कार्यरत रहेकै दरबन्दी, पद, कार्यालय, सेवा, समूह, तह र शाखामा खाइपाइ आएकै सेवा सुविधामा समायोजन गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा केहि वडाहरुमा हाल सम्म पनि उपभोक्ता समिति गठन हुन नसकेको, उपभोक्ता समिति गठन भइ सकेपनि सम्झौताका लागि कार्यालयको सम्पर्कमा नआएको तथा कार्यान्वयनमा रहेका योजना तथा कार्यक्रमहरुको समेत जिम्मेवार पदाधिकारीबाट अनुगमन नभएको सन्दर्भमा यहि मिति

२०७५/०९/०६ गते भित्र सबै उपभोक्ता समिति गठन गरिसक्ने, मिति २०७५/०९/१५ भित्र सबै योजना तथा कार्यक्रमको सम्झौता गरिसक्ने निर्णय गरियो । उपरोक्त बमोजिम उपभोक्ता समिति गठन हुन नसकेमा वा सम्झौताका लागि गाउँपालिकाको सम्पर्कमा नआएमा सार्वजनिक खरिदका अन्य विधिबाट योजना कार्यान्वयन गर्ने निर्णय गरियो । साथै कार्यान्वयनमा रहेका योजनाहरुको प्रभावकारी अनुगमन गरी यथाशिघ्र अनुगमन प्रतिबेदन गाउँपालिका उपलब्ध गराउन अनुगमन समितिलाइ निर्देशन दिने निर्णय गरियो । आउँदो कार्यपालिका बैठकसम्ममा समेत अनुगमन समितिले प्रभावकारी अनुगमन नगरी प्रतिवेदन प्राप्त नभएमा अनुगमन समिति पुनःगठन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ उपर छलफल गर्दा प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि, २०७५ पारित गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा यस गाउँपालिकाका विभिन्न सामुदायिक स्वास्थ्य इकाइमा रिक्त स्वास्थ्यकर्मीहरुको दरबन्दी करार प्रक्रियाबाट पुर्ति गर्न गाउँ सभाबाट स्विकृत बजेटको दायरा भित्र रही ४ जना अ.न.मी. र ३ जना अ.हे.ब. को लागि बिज्ञापन प्रकाशन गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ उपर छलफल गर्दा यस गाउँपालिका द्वारा यहि मिति २०७५/०९/०४ र ०५ गते आयोजना गर्न लागिएको सरसफाइ सम्मेलनमा गाउँपालिकाको निमन्त्रणामा पाल्न लाग्नुभएका सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख माननीय मोहन राज मल्ल ज्यूलाइ यस गाउँपालिकाका तर्फबाट कार्यक्रमको अवसरमा नागरिक अभिनन्दन गर्ने निर्णय गरियो । साथै प्रदेश प्रमुख ज्यू लगायत अन्य विशिष्ट अतिथिहरुको स्वागतका लागि रु ३० हजार खर्च गर्ने गरी बजेट व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाइ निर्देशन दिने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ उपर छलफल गर्दा यस गाउँपालिका द्वारा यसै आ.ब. बाट निर्माण प्रारम्भ गर्न लागिएको गाउँपालिकाको मूल प्रशासनिक भवनको डिजाइन तथा लागत अनुमान स्विकृत गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ उपर छलफल गर्दा यस गाउँपालिका को तेस्रो गाउँ सभाबाट स्विकृत योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा संलग्न उपभोक्ता समितिलाइ स्विकृत योजनाकै बजेटबाट खर्च गर्न पाउने गरी तपशिल बमोजिम प्रशासनिक खर्च उपलब्ध गराउने निर्णय गरियोः

**तपशिलः**

१. रु. ५ लाख सम्मका योजनामाः अधिकतम रु. १० हजार
२. रु. ५ भन्दा माथि रु २० लाख सम्मका योजनामाः अधिकतम २० हजार
३. रु. २० लाख भन्दा माथिका योजनामाः अधिकतम रु ३० हजार

९. प्रस्ताव नं ९ उपर छलफल गर्दा यस गाउँपालिकाको सवारी साधन शीर्षकमा विनियोजित बजेटबाट २ थान मोटरसाइकल सोझै खरिद बिधि बाट खरिद गर्न प्रमुख प्रशासकीय अधिकृत लाइ निर्देशन दिने निर्णय गरियो ।

१०.प्रस्ताव नं १० उपर छलफल गर्दा यस गाउँपालिकाको प्रेष सल्लाहकार पदमा यसै गाउँपालिकाका स्थायी बासिन्दा तथा  नेपाल पत्रकार महासंघ डोटी शाखाका सचिव श्री गणेश मौनी लाइ मासिक रु. १५ हजार पारिश्रमिक उपलब्ध गराउने गरी मिति २०७५ पौष ५ गतेबाट करार सम्झौता गर्ने निर्णय गरियो।

११. प्रस्ताव नं. ११ उपर छलफल गर्दा सामुदायिक विकास केन्द्र डोटीले यस गाउँपालिकामा  आयोजना गरेको जिल्ला स्तरीय पढाई मेला वापत खर्च भएको रकम मध्ये यस गाउँपालिकाका अध्यक्ष ज्यू संग भएको पुर्व समझदारी अनुसार रु. ७००००।– सामुदायिक विकास केन्द्र, डोटी लाई उपलब्ध गराउने निर्णय गरियो।